# जनता समाजवादी पार्टी, नेपाल

## राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन
## निर्देशिका - २०८१

जनता समाजवादी पार्टी, नेपालको विधान २०८० अनुसार प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न प्रतिनिधि निर्वाचन गर्नका लागि यो निर्देशिका जारी गरिएको छ । प्रतिनिधि चयन गर्दा यस निर्देशिकामा उल्लेख भएका बिषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पार्टी संग सम्बन्धित सबैलाई निर्देशित गरिएको छ ।

### प्रथम राष्ट्रिय महाधिवेशनका प्रतिनिधिको निर्वाचन देहाय बमोजिम गर्ने :

१. राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि निर्वाचित गर्दा कम्तिमा एक तिहाई महिला सहित विविधता प्रतिविम्बित हुने गरी विभिन्न जातीय/सामाजिक समूहहरु (Social Cluster) बाट समावेशी हुने गरी निर्वाचन गर्नेछ ।

२. प्रतिनिधि सभा निर्वाचन क्षेत्र अन्तर्गतका **२००** सम्म संगठित पार्टी सदस्यबाट एक जनाको दरले प्रतिनिधि निर्वाचन गर्नेछ ।

३. दफा २ बमोजिमको छनौट पश्चात्त प्रत्येक २०० मा थप एक/एक जना प्रतिनिधि निर्वाचित गर्नेछ ।

४. पहिचानमा आधारित प्रत्येक राष्ट्रिय समिति (लिम्बुवान, किरांत, मधेश, शेर्पालुङ, ताम्सालिङ, नेवा, तमुवान, मगरात, थरुहट, खसान तथा शिल्पी / दलित ) बाट एक जना महिला सहित तीन जना निर्वाचित गर्नेछ ।

५. प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरु मध्ये बाट दुई जना महिला सहित पाँच जना प्रतिनिधि निर्वाचन गर्नेछ ।

६. जिल्ला भित्रका २०० भन्दा कम संगठित सदस्य हुने जिल्ला समितिले पदाधिकारी तथा सदस्यहरु मध्ये बाट एक जना महिला सहित दुई जना प्रतिनिधि निर्वाचन गर्नेछ ।

७. जिल्ला भित्रका २०० भन्दा बढि संगठित सदस्यता भएका जिल्ला समितिले पदाधिकारी तथा सदस्यहरु मध्ये बाट एक जना महिला सहित तीन जना प्रतिनिधि निर्वाचन गर्नेछ ।

८. केन्द्रीय सम्पर्क समितिका पदाधिकारी तथा सदस्यहरुबाट एक जना महिला सहित दुई जना प्रतिनिधि निर्वाचन गर्नेछ ।

९. प्रवास बिशेष प्रदेश समिति अन्तर्गतका पदाधिकारी तथा सदस्यहरुमध्ये बाट दुई जना महिला सहित पाँच जना प्रतिनिधि निर्वाचन गर्नेछ ।

१०. राष्ट्रिय समन्वय समितिबाट दुई जना महिला सहित पाँच जना प्रतिनिधि निर्वाचन गर्नेछ ।

११. केन्द्रीय सल्लाहकार समितिबाट दुई जना महिला सहित पाँच जना प्रतिनिधि निर्वाचन गर्नेछ ।

१२. पार्टीका केन्द्रीय निकाय मध्ये बाट कम्तिमा दुई जना महिला सहित पाँच जना प्रतिनिधि निर्वाचित गर्ने । आफ्नो पार्टी सदस्यता कायम रहेको निकायमध्ये कुनै एक बाट उम्मेदवार बन्न सक्नेछ ।

१३. देहाय बमोजिमका जनवर्गीय / पेशाकर्मी तथा जातिय / सामुदायिक संगठनका केन्द्रीय समितिमा कार्यरत पार्टी सदस्यहरुबाट कम्तिमा एक तिहाई महिला सहित देहाय बमोजिम प्रतिनिधि निर्वाचित गर्नेछ ।

- समाजवादी ट्रेड युनियन महासंघ तथा यसका घटकहरुबाट - सात जना प्रतिनिधि
- प्रेस मञ्च, नेपाल बाट - तीन जना प्रतिनिधि
- पिछडा वर्ग (OBC) महासंघ, नेपाल बाट - पाँच जना प्रतिनिधि
- नेपाल उद्योग वाणिज्य तथा व्यवसायी महासंघ, नेपाल बाट - तीन जना प्रतिनिधि
- समाजवादी महिला संघ, नेपाल बाट - पाँच जना प्रतिनिधि
- समाजवादी युवा संघ, नेपाल बाट - पाँच जना प्रतिनिधि
- समाजवादी विद्यार्थी युनियन, नेपाल बाट - पाँच जना प्रतिनिधि
- समाजवादी किसान महासंघ, नेपाल बाट - सात जना प्रतिनिधि
- संघीय समाजवादी खेलकुद महासंघ, नेपाल बाट - तीन जना प्रतिनिधि
- समाजवादी सांस्कृतिक महासंघ, नेपाल बाट - चार जना प्रतिनिधि
- संघीय कानुन व्यवसायी एसोसिएसन बाट - पाँच जना प्रतिनिधि
- सुकुम्वासी व्यवस्थापन संघ बाट - तीन जना प्रतिनिधि
- समाजवादी दलित मुक्ति संगठन, नेपाल बाट - पाँच जना प्रतिनिधि
- मधेशी स्वास्थ्यकर्मी फोरम, नेपाल बाट - सात जना प्रतिनिधि
- बौद्धिक पेशाकर्मी महासंघ तथा यसका घटकहरु बाट - सात जना प्रतिनिधि
- समाजवादी आदीवासी जनजाती महासंघ तथा यसका घटकहरु बाट - सात जना प्रतिनिधि
- मुस्लिम संघ, नेपाल बाट - पाँच जना प्रतिनिधि
- समाजवादी युवा स्वयमसेवक संघ बाट - पाँच जना प्रतिनिधि
- समाजवादी भु.पू सैनिक महासंघ बाट - पाँच जना प्रतिनिधि
- समाजवादी खस संघ बाट - पाँच जना प्रतिनिधि
- समाजवादी थारु संघ बाट - पाँच जना प्रतिनिधि

१४. स्वच्छ, निष्पक्ष तथा पारदर्शी ढंगले प्रतिनिधि निर्वाचन गर्न गराउन आवश्यकता अनुसार केन्द्रमा केन्द्रीय निर्वाचन तदर्थ समिति तथा प्रदेशमा प्रदेश निर्वाचन तदर्थ समिति गठन गर्नेछ ।

  - केन्द्रीय निर्वाचन समितिले प्रदेशमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन प्रकृया पार्टीको विधान तथा निर्देशिका अनुसार गराउन प्रदेश निर्वाचन तदर्थ समिति संग समन्वय गर्नेछ ।

- प्रदेश निर्वाचन तदर्थ समितिले प्रत्येक जिल्लामा निर्वाचन अधिकृत खटाउने । निर्वाचन अधिकृत चयन गर्दा पार्टीको जनवर्गीय/बौद्धिक पेशाकर्मी संगठनलाई प्राथमिकतामा राख्ने ।
- निर्वाचन अधिकृतले संगठित सदस्यहरुको नामावली संगठन विभाग वा प्रदेश समितिबाट प्राप्त गर्नेछ ।
- निर्वाचन अधिकृतले आवश्यकता अनुसार जिल्लामा मतदान अधिकृत तथा अन्य सहयोगीहरु नियुक्त गर्नेछ ।
- निर्वाचन अधिकृतले राष्ट्रिय महाधिवेशनको लागि प्रतिनिधि चयन गर्दा विधानको धारा - ८४ र ८५ तथा राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन निर्देशिका - २०८१ बमोजिम गर्नेछ ।
- प्रदेश निर्वाचन तदर्थ समितिको प्रतिनिधि छनौटको निर्वाचन उपर चित्त नवुझेको खण्डमा पार्टिको विधान वमोजिम पुनरावलोकनका लागि निवेदन दिन सक्ने छ ।

१५. राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि हुनका लागि विधानको धारा - ८५ अनुसार उम्मेदवारको योग्यता पुगेका संगठित सदस्यले मुलुकको कुनै पनि ठाँउबाट प्रतिनिधि बन्न सक्नेछ ।

१६. प्रतिनिधि चयन गर्दा विधान तथा निर्देशिका अनुसार भए / नभएको केन्द्रीय निर्वाचन अधिकृतले गर्नेछ ।

१७. प्रतिनिधि छनौट भए पश्चात्त ज्येष्ठ १५ गते सम्म संगठन विभागले अभिलेखिकरण गर्ने तथा केन्द्रीय निर्वाचन समितिले अन्तिम नामावली सूची प्रकाशन गर्नेछ ।

१८. प्रतिनिधिको विवरणमा नाम-थर, ठेगाना, सदस्यता नम्बर, निर्वाचित भएको क्षेत्र, फोटो तथा सम्पर्क नम्बर प्रमाणित गर्न संगठन विभागले अधिकारी तोक्ने छ ।

१९. संगठन विभागले प्रतिनिधिको प्रमाणिक विवरण र परिचय-पत्र तयार गरी विवरण सहित केन्द्रीय निर्वाचन समितिलाई निर्वाचनका लागि उपलब्ध गराउने छ ।

२०. प्रतिनिधिको प्रमाणिक विवरण उपर कसैलाई चित्तनवुझेको खण्डमा प्रमाण सहित निवेदन दिइएमा केन्द्रीय निर्वाचन समितिले भएको त्रुटी सच्याउनु पर्नेछ ।

२१. यसरी प्रतिनिधिको प्रमाणिक विवरण प्राप्त भए पश्चात्त केन्द्रीय निर्वाचन समितिले प्रदेश निर्वाचन समितिसंग समन्वय गरी निर्वाचनको कार्यक्रम, निर्वाचन विधि लगायत निर्वाचनका सम्मपूर्ण विवरण सार्वजनिक गर्नेछ ।

२२. प्रतिनिधि चयन सम्बन्धि विवादको अन्तिम निर्णय केन्दीय निर्वाचन समितिले गरे बमोजिम हुनेछ ।

२३. यसका अतिरिक्त आवश्यक पर्ने थप नियमावली, निर्देशिका र कार्यविधि केन्द्रीय निर्वाचन समितिले निर्माण गर्ने तथा अन्य प्रकृया यसै निर्वाचन समितिद्वारा निर्धारण गरे बमोजिम हुनेछ ।